नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

# पहाडी साना किसानका लागि अनुकूलन आयोजना

हात्तीसार, काठमाडौं

पत्र संख्या: ७४/७८

चलानी नं.: ८४०

मितिः २०७५।०३।११

**विषयः आयोजनाको कियाकलापहरु कार्यान्वयन गर्दा मनन गरि अपनाउनुपर्ने प्राविधिक तथा व्यवहारिक पक्षहरु सम्बन्धमा ।**

**श्री जिल्ला आयोजना समन्वय इकाई, कालिकोट, दैलेख, जाजरकोट, रुकूम, सल्यान र रोल्पा ।**

पहाडी साना किसाना लागि अनुकूलन आयोजनाले सहयोग सहजिकरण गर्ने कृयाकलापहरु के कस्ता हुनु पर्दछ भन्ने सवैलाई अवगत भएकै कुरा हो तथापि पछिल्लो समयमा दैलेख तथा जाजरकोटको फिल्ड भ्रमणका कममा देखिएका, स्थानीय समुदायका सदस्यहरुसँगको अन्तरकिया, जिल्लास्तरमा गरिएको गाँउपालिका तथा नगरपालिकासमेतको प्रमुख, उपप्रमुख एवं वडा अध्यक्षज्यूहरुसँगको अन्तरकिया, विभिन्न सरोकारवालाहरुबाट सोधिएका प्रश्नहरु र जिज्ञासाहरुका आधारमा यस आयोजनाको लक्ष बमोजिम र स्थानीय समुदायको आकांक्षा वमोजिम निम्न विषयहरुलाई मनन गरी आयोजनाको क्रियाकलापहरु कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध गरिएको छ ।

**१. प्रकृयागत विषयहरु**

कार्यक्रम संचालन कार्यविधिले आधारभूत रुपमा परिपालन गर्नु पर्ने कुराहरु निर्दिष्ट गरेको छ । त्यसका अलावा कार्यक्रमलाई प्रभावकारी बनाउन, प्राविधिक उत्कृष्टता अपनाई पर्यावरणीय महत्व, समावेशी लाभ, दीगोपनाको सुनिश्चितता तथा कृयाकलापलाई अनुकरणीय बनाउन त्यसमा संलग्न कर्मचारीहरुको महत्वपूर्ण योगदान रहने गर्दछ ।

प्रकृया, प्रविधि र गुणस्तर आपसमा अर्न्तसम्वन्धित हुन्छन् । त्यसैले कार्यक्रम संचालन कार्य विधिका अलावा पनि निश्चित जलवायुजन्य जोखिमका लागि छनोट गरिएका कृयाकलापहरु मध्ये पहिलो प्राथमिकताको कृयाकलापहरु जुन प्राविधिक रुपमा समेत सान्दर्भिक छन्, तिनै मध्येबाट स्थानीय निकायले सिफारिस गरेको कुरा सुनिश्चित गर्नु पर्दछ । जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्यायोजनामा उल्लेखित निश्चित जोखिमका लागि सहि कृयाकलाप पहिचान तथा प्राथमिकता प्राप्त गरेको कुराको जिल्लामा कार्यरत प्राविधिकमा जवाफदेहिता रहने हुनाले सम्वन्धित प्राविधिक विज्ञको राय सिफारिस लिई (हस्ताक्षर) सहयोग संझौता गर्ने ।

सम्वन्धित कृयाकलाप सम्पन्न भए पश्चात पनि निजको प्राविधिक निरिक्षण र सिफारिस पश्चात भुक्तानी गर्ने (यिनै काम गरि हाम्रा सहयोगका कृयाकलापमा climate proofing सुनिश्चित गर्नका लागि जिल्लामा विज्ञको व्यवस्था गरिएको हो) थप विषय विज्ञता तथा कृयाकलापमा प्राविधिक स्पष्टता तथा प्रभावकारिताका लागि प्राविधिक सहयोग इकाईको नियमित सहयोग र Backup भै रहनु पर्दछ । यस कार्यमा केही उदाहरण वाहेक, सहयोग लिने तथा सहयोग गर्ने दुवैमा सुधार गर्नु पर्ने आवश्यकता देखियो ।

हामी सवैले गहिरिएर मनन् गर्नै पर्ने कुरा के देखियो भने, हामी एकल नेतृत्व व्यहोरी रहेका व्यक्तिहरु, लाए अह्राएको काम गर्ने गरेका र सोहि शैलीमा अभ्यस्त छौं र सोहि मुताविक गर्न खोज्दछौं । तर हामीले काम गरिरहेको आयोजनामा संयोजनकारी भूमिकाको प्रधानता र आवश्यकता छ । सबैको राय लिने, मिलेर काम गर्ने, समान सकृयता, साझा अपनत्व, आपसी सम्मानको वातावरण कायम गर्ने, मिठो वोल्ने, समय परायणता, कर्तव्य परायणता प्रवर्धन गर्ने कुरा हाम्रो लागि साझा आवश्यकताको रुपमा देखिएको छ । परिवर्तित सन्दर्भमा आयोजनाको मात्र हैन, सबै कार्यालयमा यसप्रकारको कार्यशैलीको सान्दर्भिकता छ । टीम विल्डीङ जस्ता कृयाकलाप गरि आयोजनाले आफ्ना कर्मचारीहरुको वैयक्तिक विकासमा लगानी गरि रहेको छ ।

कुनै पनि कृयाकलापमा सहयोग गर्नु पूर्व पर्याप्त मात्रामा समूहमा छलफल गरि उनिहरुले गर्नुपर्ने कामहरुका बारेमा छलफल तथा सहमति हासिल गर्नु पर्दछ । कृयाकलाप कार्यान्वयन पूर्व के के, को कस्ले, कसरी र कहिले सम्ममा गर्ने, त्यसै गरि कृयाकलाप कार्यान्वयनका कममा र सम्पन्न भए पश्चात गर्नुपर्ने कुराहरु अग्रिम छलफल गरि सहमति गर्नु पर्दछ । सामाजिक परिचालक तथा मध्यम स्तरीय प्राविधिकहरुको यिनै कुराहरुमा वढि सहभागिता हुनुपर्दछ । पर्याप्त तयारि नगरी कृयाकलाप

आयोजना संयोजक

सहयोग गरेकै कारण समुदायमा पहिले सम्पन्न भैसकेका परियोजनाहरु दिगो हुन नसकेको कुरा छर्लङ्ग भैसकेको छ । हामीले गर्ने प्रत्येक कृयाकलापहरु कसरी अरुको भन्दा भिन्न हुन्छन ? कसरी दिगो हुन्छन ? कसरी वातावरण मैत्री हुन्छन ? सुनिश्चित भएर मात्र कार्यान्वयनमा जानु पर्दछ । जिल्लाका कर्मचारीहरुले मासिक वैठकमा गत महिनाको प्रगति समिक्षा र आगामी महिनाको लागि कार्ययोजना वनाउदा उपरोक्त विषय वस्तुमा छलफल आदान प्रदान गर्ने गर्नु पर्दछ । आयोजनाका सम्पूर्ण कर्मचारी (विशेषगरि कार्यक्रमका कर्मचारीहरु) लाई सम्वन्धित कार्यक्षेत्रको स्थानीय अनुकूलन योजना अध्ययन गर्न सुझाव दिइन्छ ।

**प्रकृयागत सुनिश्चितताका लागि ध्यान दिनुपर्ने अन्य विषयहरु निम्नानुसार रहेका छन् ।**

- कुनै पनि कृयाकलापमा संलग्न हुने प्रत्यक्ष लाभान्वीत व्यक्ति वा घरधुरी छनौट गर्दा संवेदनशिल भई तोकिएको मापदण्ड वा सुचकहरु लाई आधार बनाई छनोट गर्ने ।
- कार्यक्रममा संलग्न घरधुरी वा व्यक्तिसंग पर्याप्त छलफल गरि सामान्य सल्लाह सहजिकरण गर्न सकिने, खासै वजेट आवश्यक नपर्ने तर महत्वपूर्ण कृयाकलापहरु गर्न प्रोत्साहन गर्ने । जस्तै गह्रा कान्ला सुधार, मलखाडल व्यवस्थापन, माटो पानी संरक्षण पोखरी, जुठेल्नो सुधार आदि ।
- हामीले सहयोग गर्ने कृयाकलापहरु, पहिले देखि अन्यले पनि गर्दे आएका पुरानै कृयाकलाप पनि हुन सक्दछन् तर "वातावरण मैत्री र दिगोपना" हाम्रा विशेषता हुन भनि सन्देश दिने र सोहि मुताविक गर्ने ।

## २. कृयाकलापगत कार्यान्वयनको लागि अवलम्बन गर्नु पर्ने विषयहरु

### २.१ भौतिक पूर्वाधार कृयाकलाप

सम्वन्धित प्राविधिकले कृयाकलापको डिजाइन तथा लागत अनुमान तयार गर्दा विषयगत प्राविधिकहरुसंग छलफल गरि सम्वन्धित कृयाकलापको स्थलगत अध्ययन तथा विवरण संकलन पश्चात डिजाइन मै climate proofing सुनिश्चित गर्ने र सोही संकलित विवरण अनुसार डिजाइन तथा लागत अनुमान तयार गर्ने जसले समुदायको आवश्यकता अनुसार कृयाकलाप सञ्चालन भई दिगोपनाको लागि सहयोग गर्दछ । उदाहरणका लागि, यदि खानेपानी मुहान संरक्षण गर्ने कृयाकलापको डिजाइन हो भने मुहान संरक्षणको लागि कुन जातको कति विरुवा कहिले वृक्षारोपण गर्ने भनि उल्लेख गर्ने । पानीको धारा बनाउने ठाउँमा खेर जाने पानी संरक्षण पोखरी (recharge and conservation) तथा त्यँहावाट पानीको किफायति सदुपयोग ( करेशावारी वा अन्य) को समेत योजना गर्ने र सोहि अनुसार कार्यान्वयन गर्ने । यदि चेक डयाम वनाउने हो भने सो भन्दा माथिको भूभागमा वायोइञ्जिनियरिंगको विभिन्न क्रियाकलापहरु गर्ने ।

### २.२ लाभकारी (नाफामूलक) उत्पादन

आफ्नो र परिवारको जीविकोपार्जन सुधार तथा समानुकुलन प्रवर्धनका लागि सहि कृयाकलापको छनोट गर्न नजान्नु हाम्रा लक्षित वर्गका साझा कमजोरी हुन । उनीहरुले नै छानेका कृयाकलापमा सहयोग गर्ने भनिएता पनि सहि कृयाकलाप छनोटका कममा सहजिकरणको तड्कारो आवश्यकता महशुस गरियो । धेरै जसो अर्काको देखासिकीमा कृयाकलाप छनोट गर्ने गरेको भेटीयो ।

- **बाख्रापालन, गोठ सुधार, घाँस प्रवर्धन**

यदि हामीले बाख्रापालन क्रियाकलापमा सहयोग प्रदान गर्दछौ भने त्यस अनुरुप गोठ सुधार, भकारो सुधार तथा घाँस प्रवर्धन क्रियाकलापलाई पनि ध्यान पुऱ्याउन सक्यौ भने climate proofing को concept लाई अनुसरण गरिएको भन्ने वुझिन्छ ।

आयोजना संयोजक

# नेपाल सरकार
## वन तथा भू-संरक्षण मन्त्रालय
# पहाडी साना किसानका लागि अनुकूलन आयोजना
हात्तीसार, काठमाडौं

पत्र संख्याः ७४/६९
चलानी नं.: ८४०
• बेमौसमी तरकारी खेती

मितिः

त्यसै गरी हामीले बेमौसमी तरकारी खेती प्रवर्धन गर्दछौ भने विभिन्न प्रजातिका तरकारी उत्पादन गर्दा जैविक विषादी तथा जैविक मलको सदुपयोग गर्ने । त्यसैगरी बेमौसमी तरकारी खेती किफायती पानी प्रविधि जस्तै थोपा सिचाईलाई प्रवर्धन गर्ने ।

कुनै पनि व्यक्ति वा घरपरिवारका लागि लाभकारी उत्पादनका कृयाकलाप छनोट गर्दा निम्नकुराहरु हेर्न बुझ्न सुझाव दिइन्छ ।

- उक्त कृयाकलाप संचालनका लागि निजको अनुभव, सिप र दक्षता के कस्तो छ ?
- उक्त कृयाकलाप कहां, के कसरी गर्ने हो ?
- उत्पादनको बजार मागको अवस्था के कस्तो छ ?
- कृयाकलाप वातावरण मैत्री हो वा होइन ?
- उक्त कृयाकलाप दिगो हुने आधारहरु के के छन् ?
- कृयाकलापका लागि सहयोग पश्चात लक्षित वर्गले के, कति, कस्ता उपलब्धिहरु हाशिल गर्दछन् ? वा के के परिवर्तन हुन्छन ?

उपरोक्त बमोजिमको विषयहरु मध्ये सबभन्दा महत्वपूर्ण कुरा केहो भने, रु १४,०००। को आर्थिक सहयोग बिउ पुंजी मात्र हो । त्यसका कारणले अन्य संघ संस्था बाट के कति सहयोग जुट्न गयो र त्यो सहयोग गरेका कारणबाट उक्त व्यक्ति वा परिवारको अन्य के के कुरामा परिवर्तन भयो भन्ने कुराले समानुकूलन प्रवर्धनमा महत्व राख्दछ । यसरी दुई वा बढी निकाय मिलेर गरेको लगानीबाट धेरै निकायको अनुगमन सहयोग पनि हुने हुँदा कार्यक्रमको प्रभावकारीता समेत बढ्न जान्छ ।

**३. कार्यान्वयन गरिने कियाकलापहरुको संचालन गर्दा प्राविधिकहरुको परिचालन**

उपरोक्त बमोजिमको कियाकलापहरु कार्यान्वयन गर्दा जिल्लामा कार्यरत प्राविधिक, बिज्ञहरुको संलग्ता कम भएको भन्ने विषयको उठान भएको छ । अतयवः कुनै पनि कियाकलापहरु जस्तै तालिम तथा अन्तरकिया आदि एवं प्राविधिक परीक्षणको विषयमा सम्बन्धित विज्ञ/जिल्ला संयोजक/प्राविधिक कर्मचारीहरुको संलग्ता अनिवार्य गर्नु तथा गराउनु हुन समेत जानकारी गराइन्छ ।

.................................
पशुपति नाथ कोइराला
आयोजना संयोजक

आयोजना संयोजक

**बोधार्थः**

श्री वन तथा वातावरण मन्त्रालय, योजना, अनुगमन तथा समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं ।
श्री जिल्ला वन कार्यालयहरु कालिकोट, दैलेख, जाजरकोट, रुकूम, सल्यान र रोल्पा ।
श्री प्राविधिक सहयोग इकाई, सुर्खेत : आवश्यक समन्वय तथा प्राविधिक सहयोग परिचालनको लागि अनुरोध ।
श्री सबै विज्ञ । संयोजकहरु, आयोजना समन्वय इकाई, काठमाडौं, प्राविधिक सहयोग इकाई, सुर्खेत तथा जिल्ला आयोजना समन्वय इकाईहरु जिल्ला सबै ।
श्री मध्यम स्तरीय प्राविधिकहरु जिल्ला आयोजना समन्वय इकाईहरु जिल्ला सबै ।
श्री सामाजिक परिचालन सेवा प्रदायकहरु, कालिकोट, दैलेख, सल्यान तथा रुकूम ।

फोन नं : ०१४४३४५०४, फ्याक्स नं : ०१-४४३७७८४, वेबसाइटः www.asha.gov.np